लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा

प.सं. :- ०८३/८४
च.नं. :- ३११

मिति :- वि.सं. २०८३/०७/१०
ने.स. :- ११४६ कौलागा,१ मङ्गलवार

विषयः स्वत : प्रकाशन पठाईएको सम्बन्धमा ।

श्री जिल्ला हुलाक कार्यालय
पाल्पा, तानसेन ।

प्रस्तुत विषयमा यस कार्यालयबाट सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम स्वतः प्रकाशन (pro-active Disclosure) गर्नुपर्ने त्रैमासिक अद्यावधिक विवरण आ.व.२०८३/८४ श्रावण, भाद्र र आश्विन महिनाको पाना थान -९ यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ।

.....
(केशव अधिकारी)
वरिष्ठ उद्योग अधिकृत
वरिष्ठ शाखा अधिकृत

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय
पाल्पा, तानसेन ।

☎: ०७५-५२०२३२
☎: ९८५७०६०४३२

लुम्बिनी प्रदेश सरकार

आन्तरिक मामिला, कानुन,उद्योग तथा यातायात मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

घरेलु तथा साना उद्योग कार्यालय

तानसेन, पाल्पा

मिति : २०८३।०७।१० गते

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने आ.व. २०८३/८४ को प्रथम त्रैमासिक विवरण

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार सार्वजनिक निकायवाट सम्पन्न गरिएका कामहरु दफा ५(३) को (४) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक निकायहरुले तीन/तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्नुपर्ने व्यवस्था अनुसार यस कार्यालयको स्वतः प्रकाशन (Pro-active Disclosure) गर्नुपर्ने विवरणहरु तपसील बमोजिम प्रकाशन गरिएको हो।

(क) कार्यालयको स्वरुप र प्रकृति

घरेलु तथा साना उद्योगको विकास तथा प्रवर्द्धन र सीप विकास तालिमको माध्यमवाट स्वरोजगारका अवसरहरु श्रृजना गरी गरिबी न्यूनीकरणमा टेवा पुर्याउनका लागि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत घरेलु तथा साना उद्योग विभाग मातहत जिल्ला स्तरीय कार्यालयको रुपमा यस कार्यालयको स्थापना भएको हो। कार्यालयको स्थापनाको क्रममा वि.सं. २०१६ मा घरेलु इलम केन्द्र, २०२१ मा लुम्बिनी अञ्चल घरेलु इलम केन्द्र, २०२६ मा घरेलु उद्योग अञ्चल केन्द्र, २०३२ मा घरेलु तथा ग्रामीण उद्योग विकास शाखा र २०४९ देखि घरेलु तथा साना उद्योग कार्यालय नामाकरण भई यस कार्यालयले आफ्ना सेवा प्रदान गर्दै आईरहेको छ। यस कार्यालय पाल्पा जिल्लाको तानसेन नगरपालिका वडा नं. ४ बारुदखानमा अवस्थित रहेको छ ।

राज्य पुनःसंरचना भएपश्चात मुलुकमा संघ, प्रदेश र स्थानीय गरी ३ तहका सरकार सञ्चालनमा आएका छन्। लुम्बिनी प्रदेश सरकारको स्थापना पश्चात मिति २०७४ फाल्गुन ०३ गते गठन भएका मन्त्रालयहरु मध्ये उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पनि एक हो । लुम्बिनी प्रदेश सरकारको कार्य विभाजन नियमावली २०७४ अनुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत यो कार्यालय सञ्चालित रहेकोमा हाल मन्त्रालयको नाम परिवर्तन गरी आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय कायम गरिएको छ ।

वरिष्ठ उद्योग अधिकृत

भिजन/मिसन

- आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको सार्वजनिक नीति तर्जुमा तथा निर्णय प्रक्रियालाई तथ्यपरक तथा नतिजामूलक बनाउन सहयोग गर्नु । स्वदेशी श्रम, सीप र श्रोतको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको विकास गर्ने ।
- स्थानीय श्रोत, कच्चा पदार्थ, सीप र साधनको व्यवसायिक उपयोग गरी रोजगारीका अवसरहरु सृजना गर्ने ।
- परम्परागत कुटिर, लघु, घरेलु तथा साना उद्योगहरुको संरक्षण तथा संबर्द्धन गर्ने ।
- घरेलु तथा साना उद्योगहरुको विकासका लागि विभिन्न प्रबर्द्धनात्मक कार्यहरु गर्ने ।
- दिगो औद्योगिक विकासको लागि सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।
- लघु, घरेलु तथा साना उद्योगको विकास, विस्तार, संरक्षण तथा संबर्द्धन गर्ने ।

कार्यालयको उद्देश्यः

- घरेलु तथा साना उद्योगको विकास र विस्तारमा सहयोग पुर्याउने ।
- औद्योगिक विकासको लागि प्रवर्द्धनात्मक कार्यहरु गर्ने ।
- विपन्न पिछडिएका तथा बेरोजगार व्यक्तिहरुलाई विभिन्न आयमुलक सीप विकास तथा उद्यमशिलता विकास तालिम प्रदान गरी रोजगारीका अवसरहरु श्रृजना गर्ने ।
- स्वदेशी श्रम सिप र श्रोतको उपयोग गरी लघु, घरेलु तथा साना उद्योगको विकास गर्नु ।
- लघु, घरेलु तथा साना उद्योगको विकास, विस्तार, संरक्षण गर्नु, ।

(ख) कार्यालयको काम, कर्तव्य र अधिकारः

१. उद्योग प्रशासनः

क. उद्योग दर्ता	ख. नविकरण	ग. नामसारी
घ. ठाउँसारी	ङ. पूँजी तथा क्षमता वृद्धि	च. लगत कट्टा

कार्यहरु

कुनै पनि सरकारी कार्यालयले विधुतीय शासनका माध्यमबाट सार्वजानिक सेवालाई आधुनिकीकरण गर्न तथा नागरिक र सरकार बिचको सम्बन्ध तथा सम्पर्कलाई फराकिलो बनाउन, सेवा प्रवाह प्रक्रियालाई सरलीकरण गर्न, सेवा प्रवाहका क्रममा लाग्ने समय तथा लागतलाई न्यूनीकरण गर्न, ई-गभर्नेन्स लागु गर्न, सेवा तथा सूचना वितरणमा पारदर्शिता कायम गर्न, सरकार, नागरिक तथा अन्य सरोकारवालाहरु बीच विधुतीय रुपमा अन्तरक्रिया गर्न सम्भव एवं सहज होस भनेर विभिन्न कार्यहरु गर्दै आएको छ। औद्योगिक नीतिले अंगिकार गरेको तथा औद्योगिक व्यवसाय ऐनद्वारा व्यवस्थित घरेलु तथा साना उद्योग सम्वन्धी कार्यहरु संचालन गर्ने जिम्मा लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय अन्तरगतको घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाले निर्वाह गर्दै आएको छ ।

वरिष्ठ उद्योग अधिकृत

- घरेलु तथा साना उद्योगहरुको दर्ता तथा नविकरण गर्ने,
- मन्त्रालय तथा निर्देशनालयवाट तय गरिएका सिप विकास तथा उद्यमशीलता विकास तालिम कार्यक्रम संचालन गर्ने,
- घरेलु तथा साना उद्योगहरुको दर्ता , नविकरण , पूँजी तथा क्षमता वृद्धि , ठाँउसारी , नामसारी गर्ने ।
- कार्यक्रम प्रस्तावहरु स्वीकृत नीति र प्राथमिकता अनुरुप भए नभएको विश्लेषण गरी मस्यौदा तयार गर्ने। कार्यक्रम कार्यान्वयन , अनुगमन र मूल्यांङ्कन सम्वन्धी कार्य गर्ने ।
- मन्त्रालयवाट स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने ।

(ग) कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरणः

यस कार्यालयमा देहाय बमोजिमको स्विकृत दरवन्दी अनुसारका कर्मचारी कार्यरत रहेका छन् ।

३.१ स्वीकृत कर्मचारी दरवन्दी संख्या

३.२ स्थायी कर्मचारी दरबन्दी संख्या

३.३ करार सेवा कर्मचारी

घरेलु तथा साना उद्योग कार्यालय पाल्पाको दरबन्दी तेरिजः

सि.नं.	पद	श्रेणी	सेवा	समूह	मौजुदा दरबन्दी	कार्यरत	कैफियत
१.	उद्योग अधिकृत /बरिष्ठ उद्योग अधिकृत	अधिकृतस्तर सातौं/आठौं	प्रशासन	सा. प्र.	१	१	
२.	लेखापाल	सहायक पाँचौं/अधिकृत छैटौं	प्रशासन	लेखा	१	रिक्त	
३	क.अ.	सहायक पाँचौं/अधिकृत छैटौं	विविध	–	१	रिक्त	
४.	सहायक	सहायक चौथो/पाँचौं	प्रशासन	सा. प्र.	१	रिक्त	
५.	प्रमुख शिक्षक	सहायक पाँचौं/अधिकृत छैटौं	विविध	-	२	रिक्त	
६.	शिक्षक	सहायक चौथो/पाँचौं	विविध	-	१	रिक्त	
७.	उद्यम विकास सहजकर्ता	सहायक चौथो/पाँचौं	विविध	-	१	१	अस्थायी
८.	कार्यालय सहयोगी	श्रेणी विहिन	प्रशासन	सा.प्र.	३	३	१ स्थायी, २ करार
				जम्मा	११	५	

बरिष्ठ उद्योग अधिकृत

घ. निकायवाट प्रदान गरिने सेवाः

(क) उद्योग/वाणिज्य दर्ता गर्ने

(ख) नविकरण गर्ने

(ग) नामसारी गर्ने

(घ) ठाउँसारी गर्ने

(ङ) पूँजी तथा क्षमता वृद्धि गर्ने

(च) लगत कट्टा गर्ने

ङ. कार्यालयको शाखाहरुको कार्य विवरणः

क) उद्योग प्रशासन सम्बन्धी कार्यः

उद्योग दर्ता (लघु उद्यम, घरेलु उद्योग, साना उद्योग, साझेदारी र कम्पनी) नविकरण, नामसारी, ठाँउसारी, पूजी तथा क्षमता बृद्धि, खारेजी अन्य संशोधन

ख) वाणिज्य प्रशासन सम्बन्धी कार्य

वाणिज्य फर्म दर्ता, नविकरण, नामसारी, ठाँउसारी, कारोवार परिवर्तन, खारेजी अन्य संशोधन नामसारी

ग) वार्षिक विकास कार्यक्रम

उद्योग तथा बजार अनुगमन, जनचेनामूलक तालिम, आयमुलक, सीपमूलक तथा उद्यमशलिता सम्बन्धि तालिमहरु, प्रविधि हस्तान्तरण, मेला तथा प्रर्दशनी, अनुदान आदि ।

कर्मचारीहरुको कार्य विवरणः

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

कार्य विवरणः

उद्योग अधिकृत

- कार्यालय प्रमुखको हैसियतले कार्यालयका सम्पूर्ण वार्षिक कार्यक्रम कार्यान्वयन गर्न गराउन जिम्मेवार अधिकारीको रुपमा कार्य गर्ने ।
- विभिन्न शाखाहरुमा कर्मचारी खटाउन तथा कार्य विभाजन तोक्ने ।

वरिष्ठ उद्योग अधिकृत

सि.नं.	शाखा	कर्मचारीको नाम	पद	कैफियत
१.	कार्यालय प्रमुख	केशव सुनार	बरिष्ठ उद्योग अधिकृत (अधिकृतस्तर आठौं)	गुनासो सुन्ने
२.	लेखा शाखा तथा राजश्व	-	-	
३.	योजना शाखा, सूचना प्रविधि तथा तथ्याङ्क व्यवस्थापन शाखा	-	-	
४.	प्रशासन, उद्योग प्रशासन तथा वाणिज्य प्रशासन र इजाजत शाखा	मनोज घिमिरे	सहायकस्तर चौथो	
५.	उद्यम विकास सहजकर्ता प्रशासन /वाणिज्य तथा उद्योग प्रशासन सहायक, लेखा सहायक	मनोज घिमिरे	सहायकस्तर चौथो	

लेखापालः

- लेखा सम्बन्धी सम्पूर्ण कार्यहरु संचालन गर्ने ।
- बेरुजु फछ्र्यौटका कार्य तदारुकताका साथ गर्ने ।

कम्प्युटर अपरेटर

सूचना सामग्रहीहरु जस्तैः टेलिफोन, इन्टरनेट लगायतका माध्यमहरुको सञ्चालन एवं सूचना अद्यावधिक गर्ने, सहयोग गर्ने ।

कार्यालयका चिठीपत्रहरु टाइप गर्ने र कम्प्युटरमा गोप्यता भङ्ग नहुने गरी अभिलेखका रुपमा सुरक्षित राख्ने ।

सहायक

कर्मचारी प्रशासन सम्बन्धी सम्पूर्ण कार्यमा सहयोग गर्ने ।

कार्यालयको पत्र दर्ता चलानी गरी शाखा शाखामा बुझाउने तथा रेकर्ड राख्ने कार्य गर्ने।

कार्यालय सहयोगीः

कार्यालयको चिठी पत्र पुर्‍याउने तथा सरसफाईको कार्य गर्ने ।

कार्यालयको सुरक्षाको कार्य (पालोपहरा आदि) गर्ने ।

लगाए अह्राएका अन्य कार्यहरु गर्ने ।

च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः प्राइभेट फर्म

पूँजी लगानी	दर्ता दस्तुर
रु. १०,००,०००।– सम्म	यस कार्यालयमा दर्ता नहुने (स्थानीय तहमा दर्ता गरि सञ्चालन गर्न सकिने)
रु. १०,००,००१।– देखि रु.२०,००,०००।- सम्म	५,०००।–

बरिष्ठ उद्योग अधिकृत

रु.२०,००,००१।–देखि रु.५०,००,०००। सम्म	१५,०००।–
रु.५०,००,००१।–देखि माथी	२५,०००।–

साझेदारी फर्म

पूँजी लगानी	दर्ता दस्तुर
रु.१०,००,०००।–सम्म	यस कार्यालयमा दर्ता नहुने।
रु.१०,००,००१।–देखि रु.२०,००,०००।-सम्म	५,०००।–
रु.२०,००,००१।–देखि रु.५०,००,०००।-सम्म	१५,०००।–
रु.५०,००,००१।–देखि माथी	२५,०००।–

माथी उल्लेखित दर्ता दस्तुरमा महिला, अपाङ्गता र दलित समुदायका व्यक्तिले दर्ता गर्दा ५०% छुट हुनेछ ।

साथै हाल प्रदेश आर्थिक ऐन २०८३ ले मदिरा तथा सुर्तिजन्य बाहेकका जुनसुकै उद्योग दर्ता /नवीकरणमा आ.व.२०८३/८४ मा शतप्रतिशत छुटको ब्यवस्था गरेको छ।

- प्रमाण पत्रको प्रतिलिपि लिदाँ रु. १,०००।–लाग्नेछ ।
- नामसारी/ठाँउसारी गर्दा रु. १००।–लाग्नेछ ।
- उद्देश्य थप/परिर्वतन गर्दा रु. १००।–लाग्नेछ ।
- लगतकट्टा (खारेजी) गर्दा रु. १००।–लाग्नेछ ।
- पूँजी वृद्धि गर्दा रु.१००।- लाग्नेछ ।
- नाम परिर्वतन गर्दा रु.१००।- लाग्नेछ।

नोटः माथी उल्लेखित सेवाहरुमा दरखास्त दस्तुर रु. १००।–लाग्नेछ ।

(छ) कार्यालयमा निर्णय गर्ने प्रक्रिया र अधिकारः

प्रचलित कानुन बमोजिम कार्यालय प्रमुखवाट।

(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारीः

बरिष्ठ उद्योग अधिकृत श्री केशव सुनार

बरिष्ठ उद्योग अधिकृत

(झ) सम्पादन गरेको कामको विवरण: (आ.व. २०८३/८४ साउन, भदौ, र असोज मसान्त सम्म)

१. नियमित कार्यक्रम

क्र. सं.	मुख्य क्रियाकलाप	क्रियाकलाप	काम सम्पादन गरिएको संख्या	कैफियत
१.	उद्योग प्रशासन	उद्योग दर्ता	५२	
		उद्योग नविकरण	३६४	
		लगतकट्टा	३७	
		अन्य संशोधन	७९	
२.	वाणिज्य प्रशासन	वाणिज्य दर्ता	४२	
		वाणिज्य नविकरण	४४७	
		लगतकट्टा	४८	
		अन्य संशोधन	१३९	
३.	उद्योग तथा वाणिज्य प्रशासनवाट जम्मा राजस्व संकलन		रु.२०,८९,६००।-	

२. औद्योगिक प्रबर्द्धन कार्यक्रम/श्रम तथा रोजगार व्यवस्थापन कार्यक्रम /बाणिज्य तथा आपूर्ती प्रबर्द्धन कार्यक्रम

क्र सं	सम्पन्न कार्यक्रम	कार्यक्रम संचालन भएको स्थान	कैफियत
२.	सचेतनामुलक बजार तथा उद्योग अनुगमन गरिएको	तानसेन न.पा.वडा नं २,३,४,६ र ७ रामपुर न.पा.वडा नं.८ बगनासकाली गा.पा. वडा नं.१,२,३,४, र ५ निस्दी गा.पा. वडा नं ४ र ५	दुग्ध डेरी, मासु पसल, किराना पसल, खाद्यान्न पसल, कस्मेटिक पसल र रेष्टुरेन्ट तथा अन्य उद्योग तथा पसल गरि जम्मा १३८ वटा उद्योग तथा पसलहरुमा अनुगमन गरिएको साथै म्याद नाघेका रु.९७०३४ रकम बराबरका सामाग्रीहरु नष्ट गरिएको

(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारी	कार्यालय प्रमुख
नाम थर-मनोज घिमिरे पद-उद्यम विकास सहजकर्ता मो.नं.-९८५७०७९४३२ इमेल-csiopalpa@gmail.com	नाम थर-केशव सुनार पद-बरिष्ठ उद्योग अधिकृत (अधिकृतस्तर आठौं) फो.नं.-०७५-५२०२३२ मो.नं.९८५७०६०४३२

बरिष्ठ उद्योग अधिकृत

(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

लुम्बिनी प्रदेश सरकारले निर्दिष्ट गरेका उपरोक्त कार्यहरु सम्पादन गर्न यस कार्यालयले अन्य प्रचलित कानूनहरुको अतिरिक्त मुलतः निम्न ऐन, नियम, नियमावली, निर्देशिका तथा आदेशहरुलाई अनुसरण गर्ने गरेको छ ।

ऐनहरु

- प्रदेश नं. ५ औद्योगिक व्यवसाय ऐन, २०७५
- प्राइभेट फर्म दर्ता ऐन २०७६
- साझेदारी फर्म दर्ता ऐन, २०७६
- औद्योगिक व्यवसाय प्रबर्द्धन ऐन, २०८१

नियमावलीहरु:

- प्राइभेट फर्म दर्ता नियमावली, २०७६
- साझेदारी फर्म दर्ता नियमावली, २०७६

विनियमावली/कार्यविधि/निर्देशिका/मापदण्ड/नम्स:

- वार्षिक कार्यक्रम कार्यन्वयन कार्यविधि आ.व. २०८३/८४
- सार्वजनिक खर्चको मापदण्ड, २०७५

(ठ) यस आ.ब.को आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:

क्र. सं.	खर्च शिर्षक	कुल विनियोजित बजेट	खर्च रकम	कैफियत
१.	चालुतर्फ	रु. १,८१,८१,०००।-	प्रथम त्रैमासिक रु. १२,८३,९९५।-	
२.	पूँजीगततर्फ	रु. ५,००,०००।-	प्रथम त्रैमासिक रु. ०००।-	

(ड) कार्यालयको वेबसाईट सम्बन्धी विवरण:

यस कार्यालय सम्बिन्धत ऐन, नियम, कार्यक्रम र सम–सामयिक निर्णय, निर्देशन लुम्बिनी प्रदेश सरकार आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालयको वेब पेज http://moletm.lumbini.gov.np, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको वेब पेज iccwd.p5.gov.np र घरेलु तथा साना उद्योग कार्यालयको वेब पेज csipalpa.lumbini.gov.np मा हेर्न सकिने छ ।

वरिष्ठ उद्योग अधिकृत

(ढ) कायार्लयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:

यस कार्यालयबाट सम्झौता भई छुट्टै बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग नलिइएको।

(ण) कार्यालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:

हालसम्म छुट्टै वर्गीकरण नभएको ।

(त) कार्यालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:

कुनै लिखित माग या उजुरी नगरेको ।

(थ) कार्यालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरण

यस कार्यालयबाट समय समयमा उद्योग, वाणिज्य तथा अन्य कार्यक्रम संचालनसँग सम्बन्धित सूचनाहरु गाउँपालिकाको कार्यालयको सूचना पार्टीहरुमा, राष्ट्रिय दैनिक र स्थानीय दैनिक पत्रिकामा प्रकाशन हुने गरेको छ ।

.....
मनोज घिमिरे
उद्यम विकास सहजकर्ता

.....
केशव सुनार
बरिष्ठ उद्योग अधिकृत
(अधिकृतस्तर आठौं)

बरिष्ठ उद्योग अधिकृत